Regd. No.: 621/054/55 CDO
6892/054/55 SWC

नेपाल अपाङ्ग महिला संघ

**Nepal Disabled Women Association (NDWA)**

Kalopul, Kathmandu

Estd-2054(1998)

Nepal Disabled Women Association (NDWA) *Estd.2054*

फेब्रुअरी २, २०२६

# घोषणापत्र

कालोपुल, काठमाडौंस्थित नेपाल अपाङ्ग महिला संघ (NDWA) को कार्यालयमा आसन्न निर्वाचनलाई लक्षित गरी कार्यकारी बोर्ड सदस्यहरू र कर्मचारीहरूबीच भएको "अधिवाचन योजना" (Advocacy Plan) सम्बन्धी छलफलको संक्षिप्त रिपोर्ट

**बैठकको संक्षिप्त विवरण**

**मिति:** २०८२ माघ २० गते (फेब्रुअरी २, २०२६)

- **स्थान:** NDWA कार्यालय, कालोपुल, काठमाडौं
- **सहभागी:** कार्यकारी बोर्ड सदस्यहरू तथा कर्मचारीहरू
- **मुख्य विषय:** आगामी निर्वाचनका लागि राजनीतिक दलहरूको घोषणापत्रमा समावेश गरिनुपर्ने अपाङ्गता भएका व्यक्ति र महिलाका मुद्दाहरू।

नेपालमा लोकतान्त्रिक अभ्यास सुदृढ हुँदै गएको भएतापनि नागरिकको न्यायमा पहुँच, सुशासन, समावेशिता र जवाफदेहिता अझै चुनौतीका रूपमा रहेका छन् । बिगतका निर्वाचनका घोषणापत्रहरू प्रायः आश्वासन केन्द्रित र मापन गर्न नसकिने प्रतिबद्धताको सूचिमा मात्र सिमित भएकोले निर्वाचन पश्चात कार्यान्वयन नभएको कारण जनतामा निराशा पैदा भएको देखिएको छ । विशेष अवस्थामा २०८२ फागुन २१ गते सम्पन्न हुन लागेको आसन्न प्रतिनिधि सभाको निर्वाचनमा दिगो निकासको अपेक्षासहित नागरिकहरुले सबै राजनैतिक दलले अपाङता भएका नागरीकहरुका लागी भोटर वैकको रुपमा मात्र प्रयोग गर्ने नभइ उनीहरुको अधिकार सुनिश्चत गर्नका लागी आशन्न
**घोषणापत्रमा समावेश गर्न अपिल गरीन्छ ।**

आशन्न निर्वाचनमा राजनीतिक दलहरूले आफ्नो घोषणापत्रमा समावेश गर्नुपर्ने र NDWA ले पैरवी गर्ने मुख्य बुँदाहरू निम्नानुसार तय गरिएका छन्:

- ✓ अपाङ्गता भएका व्यक्ति र युवा लगायतको शासन प्रकृयामा अर्थपूर्ण सहभागिता, नेतृत्व र प्रतिनिधित्व
- ✓ स्थानीय तहमा अपाङ्गता भएका युवा, महिलाको प्रतिनिधित्व र युवाको विशेष संयन्त्रको व्यवस्था
- ✓ अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सीमान्तकृत समुदाय तथा आर्थिक रुपमा बिपन्नका लागि प्रभावकारी निःशुल्क कानुनी सहायता व्यवस्थाको सुनिश्चितता
- ✓ स्थानीय तहमा रहेको लैंङ्गिक हिंसा संबोधन डेक्स तथा लैंङ्गिक हिंसा निवारण कोषको प्रभावकारी सहजीकरण र व्यवस्थापन
- ✓ अपाङ्गता भएका महिला, बालिका, किशोरी भएका व्यक्तिको सुरक्षा सुनिश्चितता गर्ने व्यवस्था
- ✓ अपाङ्गता भएका व्यक्ति, बालबालिका र युवा लक्षित बिशेष कार्यक्रमहरु
- ✓ अपाङ्गता भएका युवाका लागि स्थानीय रोजगारी, उद्यमशीलता र स्टार्टअप तथा नवप्रबर्तन सहयोग
- ✓ **सामाजिक सुरक्षा भत्ताको परिमार्जन:** अपाङ्गता भएका व्यक्तिको अपाङ्गताको प्रकार र आवश्यकताका आधारमा सामाजिक सुरक्षा भत्ताको उचित व्यवस्था गरिनुपर्ने।

- ✓ **सहयोगी सेवा (Caregiver Support):** पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि सर्वोच्च अदालतको निर्देशनात्मक आदेश बमोजिम 'सहयोगी सेवा' (Personal Assistant/Caregiver) को तत्काल व्यवस्था गरिनुपर्ने।
- ✓ **स्वास्थ्य तथा जीवन बीमा(Health and Life Insurance):** पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको जीवन बीमाको व्यवस्था गरिनुका साथै सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका लागि सहज र निःशुल्क स्वास्थ्य बीमाको सुनिश्चितता गरिनुपर्ने।
- ✓ **पुनर्स्थापना तथा सहायक सामग्री(Rehabilitation and Assistive Technology):** अपाङ्गताको वर्गीकरण र आवश्यकताका आधारमा समुदायमा आधारित पुनर्स्थापना सेवा र गुणस्तरीय सहायक सामग्रीहरू (ह्वीलचेयर, सेतो छडी, श्रवण यन्त्र आदि) को नि:शुल्क र सुलभ वितरणको व्यवस्था गरिनुपर्ने । नापजाँचको आधारमा मात्र सहायक सामाग्रीहरु हस्तान्तरण गरिनुपर्ने ।
- ✓ **संरक्षकत्व प्रदान गर्नुपर्ने**: अभिभावक र संरक्षक विहिन अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यले उनीहरुको हेरचाह तथा पुनर्स्थापना गृहमा सिफारिस तथा सामाजिक सहभागिता सुनिश्चित गर्दै संरक्षकत्व प्रदान गर्नुपर्ने ।
- ✓ **समावेशीकरणको इन्टरसेक्सनालिटी**: स्थानिय तहदेखी संघीय तहसम्म रहेका लक्षित वर्गका प्रत्येक क्लष्टरमा अपाङ्गता भएका व्यक्तिहरुको अनिवार्य सहभागीता र समावेशीता सुनिश्चित गरिनुपर्ने ।
- ✓ **व्यवसाय प्रवर्द्धन तथा कर छुटको व्यवस्था गर्नुपर्ने**: अपाङ्गता भएका व्यक्तिले गर्ने स्वरोजगार तथा उद्यममा लाग्ने दर्ता शुल्क तथा करको दरमा ५० प्रतिशत छुटको व्यवस्था गरिनुपर्ने ।लघु तथा घरेलु उद्योग सम्बन्धी हरेक तालिममा अपाङ्गता भएका महिलाहरुको सहभागिता सुनिश्चित गर्नुपर्ने । अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने रोजगारदाताले कम्तिमा १० देखी ५० प्रतिशतसम्म कर छुट प्राप्त गर्ने प्रावधान व्यवस्था गर्नुपर्ने ।अपाङ्गता भएका व्यक्तिले गरेका व्यवसाय तथा उत्पादनको प्रवर्द्धन र बजार व्यवस्थापनको प्रबन्ध गरिदिनुपर्ने ।
- ✓ **अपाङ्गता भएका नागरिकलाई कर तिर्न सक्षम बनाउने**: अपाङ्गता भएका नागरिकहरुलाई कर तिर्न सक्षम बनाउनका लागि उनीहरुको सीप बिकास, क्षमता विकास र रोजगारीको माध्यममार्फत राज्यलाई कर तिर्न र योगदान दिन सक्ने बनाउने ।
- ✓ **अपाङ्गता भएका महिलाहरुलाई सेल्फ डिफेन्स तालिम**: देशभरको ७५३ स्थानिय निकाय र संघीय तहबाट समेत अपाङ्गता भएका महिलाहरुको गम्भीरतालाई मध्यनजर गर्दै सेल्फ डिफेन्स तथा प्रोटेक्सन तालिम उपलब्ध गराई आत्म सुरक्षा प्रवर्द्धन गर्ने ।

**धन्यवाद !**

**भवदीय,**

**मिना पौडेल**
**अद्यक्ष्य**